# पवित्र आत्माले भरिपूर्ण हुनुहोस्!

**Pastor S. James**

**July 28th, 2022**

*प्रार्थना*

*प्रभु धन्यबाद, धन्यबाद, धन्यबाद यो दिनको लागी यो समयको लागी । आज हामी तपाईको नाममा भेला भएका छौ । तपाईले भन्नुभएको छ एक वा दुई भन्दा बढि मेरो नाममा भेला हुन्छौ भने म तिमीहरुको बिचमा उपस्थिति हुनेछु । आउनुहोस् पवित्र आत्मा हामी संग हुनुहोस्, सिकाउनुहोस् र तपाईले सिकाएको कुरा बुजेर तपाईको ईच्छा पुरा गर्नलाई सामर्थ दिनुहोस् । येशु प्रभुको नाममा आमेन ।*

आज हामीले देखेको परमेश्वरको ईच्छाको वारेमा हेर्नैछौ ।जीवनमा एक दिन दुईवटा कुरा हुन निस्चित छ एउटा मृत्यु वा अर्को येशुको दोस्रो आगमण । प्रस्न यो हो की हामीले परमेश्वरको ईच्छा पुरा गर्यौ की गरेनौ ? प्रभु प्रभु बोल्ने मात्र होईन तर जो परमेश्वरको ईच्छा पुरा गर्छन् तिनीहरु मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछन्। त्यसै कारणले हाम्रो जीवनमा परमेश्वरको ईच्छा नै हो मुख्य कुरा ।येशु पनि पिताको ईच्छा पुरा गर्नको लागी यस संसारमा देहदारी भएर आउनु भयो । हाम्रो जीवनमा पनि त्यहि नै मुख्य उदेस्य हुनुपर्छ । पुस्तकको मुठोमा लेखेको छ मेरो बारेमा हे प्रभु म तपाईको ईच्छा पुरा गर्नको लागी आएको छु ।त्यसैगरी हाम्रो वारेमा पनि हामीले के गर्नु पर्छ परमेश्वरको वचनमा लेखेको छ । त्यो परमेश्वरको ईच्छा देखाउनको लागी हाम्रो बिचमा पवित्र आत्मा आउनुभयो ।

यहुन्ना १६:५,६ [5]अब म उहाँकैमा गइरहेकोछु जसले मलाई पठाउनुभयो। तर तिमीहरू कसैपनि मलाई सोधेनौ, 'तपाई कहाँ गइरहुन भएको छ?' [6]तिमीहरूका हृदय उदासिनताले भरिएको छ किनभने मैले तिमीहरूलाई ती कुराहरू भने।

जव येशु साढे तीन वर्ष चेलाहरु संग हुदा उनीहरुलाई केहि कुराको पनि फिकी गर्नु परेन केहि समस्या आउदा प्रभु उनीहरु संग हुनुहुन्थ्यो ।जब येशु यस संसारबाट जाने कुरा गर्दै गर्दा चेलाहरु निरासमा शोकमा थिए । धेरै दुखी भएको कारण चेलाहरुले येशुले म जादैछु भन्दा खेरी काहाँ जादैहुनुहुन्छ भनेर सोध्दा पनि सोधेनन् ।

[7]तर म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरूको भलाईको निम्ति म टाढिनु नै राम्रो छ। किन? किनभने जब म जानेछु तिमीहरूका लागि सहायक पठाइदिने छु। तर यदि म गइन भने, सहायक तिमीहरूकहाँ आउने छैन।

येशु यो पदमा यसरी भन्दै हुनुहुन्छ म जानु राम्रो हो ,म गए भने मात्र म तिमीहरुको बिचमा यस्तो सल्लाहकार पठाउनेछु जो हर एक जना संग एकै पटकमा उपस्थित हुनसक्नुहुने छ। यदि म गइन भने म उहाँलाई पठाउन सक्दिन । येशुले पवित्र आत्मालाई उहाँ भनेर सम्बोधन गर्नुभएको छ । जसबाट हामीलाई थाहाँ हुन्छ पवित्र आत्मा एक ब्यक्ति हुनुहुन्छ । प्रेरित१:८मा लेखेको छ ,पवित्र आत्मा एउटा सामर्थ हुनुहुन्छ, त्यसको साथ साथै उहाँ ब्यक्ति अर्थात परमेश्वर नै हुनुहुन्छ । परमेश्वर भन्नुहुन्छ ,हे इजरायल तिम्रो परमेश्वर एक हो। पिता हुनुहुन्छ, पुत्र हुनुहुन्छ, अनि पवित्र आत्मा हुनुहुन्छ । उदाहरणको लागी 2 X 2 X 2=8 हुन्छ ,3 X 3 X 3=27 हुन्छ,1 X 1 X 1=1 मात्र हुन्छ । यसरी नै हाम्रो परमेश्वर पनि एउटै हुनुहुन्छ । तिन अलग अलग ब्यक्ति पिता परमेश्वर,पुत्र परमेश्वर, पवित्र आत्मा परमेश्वर मिलेर एउटै त्रिएक परमेश्वर हुनुहुन्छ ।तेस्रो ब्यक्ति भन्दा उहाँ तेस्रो होईन , दास्रो ब्यक्ति भन्दा उहाँ दास्रो होईन पिता पुत्र संग बोल्नुभयो । त्यस्तो होईन लेखेको परमेश्वरले परमेश्वर संग बोल्नुभयो। उहाँहरु तिनै जना प्रभु हुनुहुन्छ । जब प्रभुमा आए पछि हाम्रो लागी पवित्र आत्मा भनेको परमेश्वरको शक्ति ,सामर्थ हो । तर पवित्र आत्मा भनेको शक्ति भन्दा पनि माथी हो । उहाँ एक ब्यक्ति हुनुको साथ साथै उहाँ परमेश्वरनै हो । हामी पवित्र आत्माको ब्यक्तित्वलाई छोडेर उहाँको सामर्थ मात्र उपयोग गर्न सक्छौ । जब उहा आउदैगर्दा

यहुन्ना १४:१६-१८ [16]म मेरो पितालाई माग्नेछु र उहाँले तिमीहरूलाई अर्को सहायकदिनुहुनेछ। उहाँ तिमीहरूसंग सधैं रहने सहायक दिनुहुनेछ। [17]सहायक सत्यको आत्माहो। संसारले उहाँलाई देख्दैन र बुझ्दैन। तर तिमीहरू उहाँलाई जान्दछौ। उहाँ तिमीहरूसंग बाँच्नु हुन्छ र उहाँ तिमीहरूभित्र नै हुनु हुनेछ।

[18]"म तिमीहरूलाई आफ्ना आमा-बाबुले अनाथहरू छोडे जस्तो एक्लै छाडनेछैन। म तिमीहरूकहाँ फर्की आउने छु।

१७ मा यसरी लेखेको छ । पवित्र आत्मा सल्लाहकार उहाँ सत्यको आत्मा आउदा खेरी संसारले उहाँलाई ग्रहण गर्न सक्दैन । तर हामीले ग्रहण गर्नु पर्छ । जब पवित्र आत्मा आए पछि हामीले उहालाई स्वीकार गर्नु पर्छ उदाहरणको लागी जब हाम्रो ढोकामा कोही हामी संग कुरा गर्न आई सके पछि हामी उसलाई ढोका बाटै कुरा गरेर पठाउन पनि सक्छौ अथवा उसलाई भित्र बोलाएर कुरा गर्न

पनि गछौ । यो दुई वटा अलग अलग कुराहरु हुन् । एउटा कुरा मात्र गर्नु हो भने अर्कौ भित्र बोलाउनको मतलब त्यस ब्यक्तिलाई स्वीकार गर्नु हो । येशु मृत्यु बाट बौरी उठे पछि पुनरुत्थानको बेलुका तिर चेलाहरु संग आएर यस्तो भन्नुहुन्छ ।

येशुले यहुन्ना २०:२२[22] यती भनिसके पछि, येशूले चेलाहरूमाथि श्वास फुकेर भन्नुभयो, “पवित्र आत्मा लेओ।”

परमेश्वरले स्वास फुकेर पवित्र आत्मा दिनुभयो र भन्नुभयो पवित्र आत्मा लेओ ,हामीले त्यसलाई लिनु पर्छ । त्यहाँ ११अथवा १२ जति जना भए पनि एक जनाले मात्र पवित्र आत्मा लाई स्वीकार्दैन भने उसको जीवनमा पवित्र आत्मा आउनुहुन्न। किनभने स्वासको रुपमा फुके पनि पवित्र आत्मा एउटा ब्यक्ति भएको कारण उहाँलाई स्वीकार गर्नु पर्छ । सासको रुपमा सबैको माथी फुकेता पनि पवित्र आत्मा एउटा ब्यक्ति भएको कारण हाम्रो स्वतन्त्र ईच्छाले स्वीकार गर्नु पर्छ अनी मात्र उहा हामीमा आउनु हुन्छ । संसारले नबुजेको कारणले स्वीकार र ग्रहण दुबै गर्न सक्दैन । तर हामी स्वीकार गर्न सक्छौ । जब अन्तमा सबै मानब जातिको बिभाजन हुदा खेरी त्यति बेला हाम्रो बिभाजन हामी संग परमेश्वरको बचन छ छैन त्यो द्धारा होईन, तर हामी संग परमेश्वरको आत्मा छ कि छैन त्यो द्धारा हुन्छ बिभाजन । किनभने येशुको हातमा परमेश्वरको बचन र आत्मा दुबै थियो ,तर फरिसीको हातमा बचन मात्र थियो , तर परमेश्वरको आत्मा थिएन । त्यसकारणले येशुले बोल्नु भएको कुरा उनीहरुले बुज्न सकेनन् । येशुले भन्नुभयो मेरो बचन आत्मा हो । आत्माले अगुवाई गरेकाहरुले मात्र परमेश्वको बचन बुज्छन्। त्यसकारणले बिभाजन बचनले होईन तर आत्माले हो । कति मान्छेहरु म०डलिमा बाईबल बोकेर नै आउछन् यसो हेर्दा खेरी सबैको हातमा परमेश्वरको बचन छ ,त्यति मात्र ले उद्धार पाउदैन अभिषकको कुरा गरेको होईन । उद्धार पाउनको लागी परमेश्वरको बचन पढ्दा र सुन्दा खेरी त्यसमा पवित्र आत्मा हामीहरुको भित्र आएपछि पबित्र आत्मा द्धारा आउछ हाम्रो उद्धार । बचन र आत्मा दुबैले हाम्रो उद्धार हुनुपर्‍यो । आत्मा एउटा ब्यक्ति भएको कारण ले हामीले आत्मालाई स्वीकार गर्नुपर्छ । परमेश्वर सास हामीमा फुक्न सक्नुहुन्छ तर हामीले त्यसलाई स्वीकार गर्नुपर्छ । यहुदि पत्रुस पहिलो चोटि अन्यजातीको घरमा परमेश्वरका बचन बाड्न गए र त्यहाँ यस्तो भयो ।

प्रेरित १०:४४-४५[44] पत्रुस बोलिरहेको बेला सन्देश सुन्ने ती सबै मानिसहरूमा पवित्र आत्मा उत्रनु भयो।
[45] यहूदी विश्वासीहरू जो पत्रुससंग त्यहाँ आएका थिए तिनीहरू छक्क परे किनकी गैर-यहूदीहरूमा पनि पवित्र-आत्माको उपहार बँषिएको थियो।

यहाँ बाट मानीसहरुलाई थाहाँ भयो ,यहुदीहरु माथी आएको आत्मा सबैमा आयो । त्यसकारणले परमेश्वरको बचन सुनेर मात्र हुदैन ।त्यसलाई सुनेर स्वीकार गरेपछि पबित्र आत्मा उपहारको रुपमा हामीमा आउदा खेरि मात्र हुन्छ उसको उद्धार । धेरै जना परमेश्वरको बचन सुनेर सुनेर ज्ञानमा बढेर जान्छ। ज्ब सम्म पवित्र आत्मालाई स्वीकार गर्दैन तब सम्म उसको उद्धार हुदैन । पेन्टिकोस को दिनमा उार पाउनको लागी परमेश्वरले यसरी भन्नुहुन्छ सुसमचार सुन परमेश्वरलाई स्वीकार गर र बप्तिसमा लेओ त्इसपछि तिमीहरुमा पबित्र आत्मा आउनुहुन्छ । त्यसकारणले आत्मा छैन भने बचन मात्र सुनेको ब्यक्ति र संसारको ब्यक्तिमा केहि फरक छैन । उदारहणको लागी संसारमा जता ततै हावा छ तर त्यो हावा एउटा बलुनको भित्र भरे पछि त्यस हावाको कारण त्यो बलुन माथि माथि उड्छ त्यसको रुपनै अर्कै हो त्यसै गरी पबित्र आत्मा पनि जता ततै हुनुहुन्छ । जब त्यस पबित्र आत्मा हामीमा ब्यक्तिको रुप आउदा खेरी हाम्रो जीबन सबै नै फरक हुन्छ ।

यहुन्ना १६:८[8] जब सहायक आउँछन्, उहाँले संसारलाई यी विषयहरूमा दाषि ठराउनुहुनेछ। पापको विषय, धार्मिकताको विषय र न्यायको विषयमा।

[9] सहायकले मानिसहरूको जीवनमा पाप छ भनेर प्रमाण गर्नेछन् किनभने तिनीहरूले ममा विश्वास गर्दैनन्।

सबै भन्दा ठुलो पाप के हो? सबै भन्दा ठुलो पाप येशु मशिहमा बिश्वास नराख्नु हो । नरकमा मान्छेहरु पाप गरेको कारणले गएका होईनन् कारण येशु परमेश्वरको पुत्र ,येशुले गरेको काम र उहाँ माथि बिश्वास नराखेर र पश्चात्ताप नगरेको कारणले गएका हुन् । संसारको नजरमा संसारको कानुनको अनुसार जस्तो सुकै पाप गरे पनि संसारको द०ड त संसारले दिन सक्छ तर परमेश्वरको न्याय अर्थात द०ड बाट बच्नको लागी एउटै मात्र उपाए छ येशुमा बिश्वास राख्यो भने उसको उद्धार हुन्छ । उद्धार पाएपछि पबित्र आत्मालाई स्वीकार गरेपछि पाप गर्यो भने पबित्र आत्मा ले उसलाई उसको पाप तुरुन्तै देखाउनुहुन्छ त्यसपछि छिटो पश्चात्ताप गरेर परमेश्वरमा क्षमा माग्नुपर्छ त्यसपछि येशुको रगत द्धारा पखालिन्छ । तर पबित्र आत्मा लाई सुनेन भने र येशुको रगतमा बिश्वास गरेन भने त्यो हो पाप । हाम्रो जीबनमा पबित्र आत्मा आउदा खेरी उसको काम के हो ? हाम्रो जीवनमा अविश्वासी हुदा पहिला हाम्रो जीबनको पापको बारेमा दोषी ठराउछ । हाम्रो पापको लागी येशुले रगत बगाउनु भयो ,हामीले येशुमा पश्चात्ताप गर्नु पर्छ र उहाको रगतले मात्र हाम्रो पाप हाम्रो अधर्म क्षमा हुन्छ भन्ने देखाउछ ।पहिला पबित्र आात्माले हाम्रो पापको बारेमा त्यसपछि सिधा धार्मिकतामा लिएर जान्छ । धार्मिकताको लागी एउटै मात्र बाटो छ ,दुई वटा बाटो छैन । त्यो परमेश्वर बाट आउने धार्मिकता येशुमा बिश्वास गर्नैले मात्र पाउछ । पबित्र आत्माको काम हामीलाई हाम्रो पापलाई देखाउने र धार्मिकतामा लिएर जाने हो । धार्मिकता मान्यो भने न्यायको लागी डर हुदैन । यो तिन कुरा हाम्रो जिवनमा चलिरहन्छ । पाप, धार्मिकता, न्याय । पाप स्वीकार गरेन भने धार्मिकता छैन र धार्मिकता छैन भने न्याय आउछ । उद्धार पाएको मान्छेको न्याय अलग्गै हुन्छ र पनि न्याय हुन्छ । उसको मुकुट उसको लागी राखेको कुराहरु सबै जान्छ किनभने उसले येशुको धार्मिकतामा बिश्वास राखेन र येशुको न्यायलाई मानेन, मानेको भए न्यायको डर हुदैन । बचनमा लेखिएको छ बिस्वासीहरु परमेश्वरको सिहासन अगाडी न्यायमा खडा हुदा खेरी अलग अलग तरीकाले

खडा हुन्छन् । डरले खडा हुन्छन्,सर्मले खडा हुने हुन्छन्, आनन्दले खडा हुने हुन्छ । आनन्दले ,निंधक्कले, बिना डर को खडा हुन्छ ?जसले येशुमा बिश्वास राखेर पबित्र आत्माको भरिपुरिमा धार्मिकताको बाटोमा हिडेको हुन्छ। त्यसैले पाप के हो ?

रामी १०:१४ [14] तर मानिसहरूले प्रभुलाई पत्याउन भन्दा पहिले उहाँमा विश्वास गर्नुपर्छ? अनि विश्वास गर्न अघि, तिनीहरूले उहाँको बारेमा सुनन्नुपर्छ। तर उहाँको बारेमा सुन्नलाई कसैले उहाँ बारे तिनीहरूलाई प्रचार गर्नुपर्छ।

पहिला सुन्नु पर्यो, अनी बिश्वास आउछ । सुनेको पछि बिश्वास गर्ने नगर्ने हाम्रो माथी छोडेको छ । सुन्नु त पर्छ सुनेन भने बिश्वास गर्न सकिदैन । पास्टरले लामो प्रचार किन गरेको सुन्नको लागी हो । सुनेर बिश्वास गर्छ भन्ने छैन सुनेर पनि बिश्वासमा नआउने धेरै हुन्छन् । सुन्नु त पर्छ सुनेर पनि बिश्वास नगर्नु चाहि ठुलो पाप हो । हत्या गर्नुभन्दा ठुलो पाप बिश्वास नगर्नु हो मोसा, दाउद यि दुबैले हत्या गरे र पनि परमेश्वरले शुद्ध पार्नु भयो ।किनभने यिनीहरुले सुने अनि त्यसको माथि बिश्वास राखे । तर जसले येशुले गरेको काममा बिश्वास राखे उनीहरुले उद्धार पाए । त्यसैले हामीहरुले जस्तो सुकै पाप गरेता पनि यदि हामीले येशु र येशुको रगतमा पाप क्षमा छ भनेर बिश्वास गरेमा र येशुमा क्षमा मागेमा क्षमा हुन्छ । तर कुनै पनि गलत काम गरेन तर उसले येशुमा बिश्वास राखेन भने उसको उद्धार हुदैन । त्यसकारणले गर्दा हामी येशुको बारेमा बताउछौ , ब्यबस्थाको बारेमा होईन । ब्यबस्थामा उद्धार छैन , येशुको रगतमा पापको क्षमा र उद्धार छ । त्यसैले येशु माथि बिश्वास राख्नु पर्छ ,बिश्वास राख्नको लागी सुन्नु पर्छ । सुनेन भने बिश्वास गर्न सक्दैन । सुने पछि पनि बिश्वास गर्छ कि गर्दैन ? धर्ममा त्यस्तो हुदैन , धर्ममा हामीले केहि पनि पाप गर्यौ भने त्यसको भार हामी माथि छोडेको छ । धर्ममा चल्ने धर्मिकोलागी येशुको कुरा मान्न गाह्रो हुन्छ तर पापीको लागी आसान पापीहरुको लागी दाउदको पुत्र मेरो माथि दया गर्नुस् भन्दा तुरुन्त क्षमा पाउछ । फरिसीहरु भन्दैनन् दाउदको पुत्र मलाई माफ गरिदिनुस् ,किनभने उनीहरु ब्यबस्थामा चल्ने मान्छेहर हुन् । कुरा यो हो कि पबित्र आत्मा आएर हामीलाई दाषि ठराउदा खेरी हामी मान्छौ कि मान्दैनौ ? पबित्र आत्मा एउटा ब्यक्ति हो ब्यक्तिलाई हामी तिरस्कार गर्न पनि सक्छौ ।

हिब्रु३:७-१५ [7] त्यसैकारण पवित्र आत्मा भन्नहुन्छ “आज यदि तिमीहरूले परमेश्वरको आवाज सुन्यौ भने, [8] अतितमा जस्तै तिमीहरू हठधर्मी नबन, जतिबेला तिमीहरूले परमेश्वरको विरोधमा विद्रोह गरयौ। त्यसै बेला मरूभूमिमा परमेश्वरको परीक्षा लियौ।

थुमाको रगतमा बिश्वास राखेर संसार बाट बाहिर निक्लेको मान्छेहरु यहाँ पबित्र आत्माको बिरोध गर्दैछन् ।हामी पनि एउटा बिश्वासी हो । बिश्वासीहरु परमेश्वरको बचन सुनेर सुनेर अगाडी बढ्नुपर्छ । अगाडी बढ्नको लागी पबित्र आत्मालाई पठाएको छ । बोल्ने पबित्र आत्मा हो यो मिश्र देसमा अन्य जाति संग पबित्र आत्मा बोलेको होईन यहाँ यो उजाड स्थानमा बिश्वासीहरु इजरायलीहरु संग पबित्र आत्मा बोल्नुभएको हो । त्यसैले भोलिको दिन होईन आजकोदिन पबित्र आत्मा बोल्दा खेरी हृदय कठोर पार्नु हुदैन।

[9] चालिस र्वषसम्म मरूभूमिमा मैले के के गरें त्यो तिम्रा पिता-पुर्खाहरूले देखे। तर तिनीहरूले मेरो धैर्यको परीक्षा लिए।

आवाज पबित्रआत्माको हो परिक्षा पिताले गर्नुहुन्छ । पिता पबित्रआत्मा द्धारा बोल्नुहुन्छ ,र उहाको आवाजलाई हामीले सुन्यौ भने हामीले पिताको परीक्षा बुज्न सक्छौ र जान्न सक्छौ । तर पिता परमेश्वरको काम उनीहरुले ४० शाल देखेर पनि उनीहरुले उहाँको आवाजलाई नसुनेको कारण इजरायलीहरुले पिताको ईच्छालाई बुज्न सकेनन् ।

[10] त्यसैले म तिनीहरूसित रिसाएँ र मैले भनें ‘तिनीहरूका विचार सँधै गल्ती छन् तिनीहरूले कहिल्यै मेरो बाटो बुझेनन्।’ [11] त्यसैले म रिसाएँ र शपथ लिएँ कि ‘तिनीहरूले कहिल्यै प्रवेश पाउने छैनन् र मसित विश्रान्ति पाउने छैनन्।’”

थुमाको रगतमा बिश्वास राखे ,मिश्र देश बाट निक्लेर आए लाल समुन्द्र पार गरे त्यस पछि पबित्र आत्मा उनीहरुको जीवनमा काम गर्दै गर्दा उनीहरुले आफ्ना हृदय कठोर पारे र पबित्र आत्मा बोल्दा खेरी उनीहरुले सुनेनन् ।त्यसकारणले परमेश्वरले उनीहरुलाई भन्नुभयो मेरो बिश्राम तिमीहरुलाई थाहाँ हुदैन,त्यसैले गर्दा ईसाइहरु पाप गरेर मर्दैनन् तर एउटा कुरा परमेश्वरको बिश्राम उनीहरु संग हुदैन । बिश्राम पाउनको लागी एउटा मात्र उपाए छ पबित्र आत्माको आवाज सुनेर मानेर पालन गर्नु पर्छ । तब हाम्रो अनुसार होईन परमेश्वरको बिश्राम आउछ । बिश्रामको लागी अर्कौ बाटो छैन त्यसैले परमेश्वर भन्नुहुन्छ मेरो आवाज सुन्दा खेरी आफ्नो हृदय कठोर नपार । इजरायलिहरुले १० खेफ बिरोध गरे परमेश्वरले उनीहरुलाई भन्नुभयो तिमीहरु यहि मरभुमीमा नै मर्छौ । र पनि यिनीहरुले ४०बर्ष सम्म मरभुमीमा एउटा कुरा माने परमेश्वरको बादल जब सम्म त्यहाँबाट अगाडी गएन यिनीहरु अगाडी बढेनन् । बादल राकियो यिनीहरु रोकिए ।बादल अगाडी बढ्यो यिनीहरु पनि अगाडि बढे । इजरायलीहरुको जम्मै चालमा यहाँ सम्म कि मरभुमीमा पनि बादलको हातमा थियो । बादल एक पबित्रआत्माको चिन्ह हो । पबित्र आत्मा हो हामीलाई जन्म दिने र त्यसपछि हामीलाई डोराउने पनि ,शुरु देखी अन्त सम्म पबित्र आत्मा नै हुनुपर्छ ।

[12] त्यसकारण दाज्यु-भाइहरू र दिदी-बहिनीहरू, होशियार बस जसमा कि तिमीहरूमा भएको दुष्ट र अबिश्वासी हृदयले विश्वासलाई अस्वीकार नगरोस् र जीवित परमेश्वरलाई नछोडोस्.

अबिश्वासी हृदय दुष्ट हुन्छ । हामी दुष्टको तरफ जानुको कारण अबिश्वास हो । अबिश्वास भनेको हामीलाई पबित्र आत्माले हाम्रो जीवनमा भएको पापलाई दोष लगाउदा खेरी ,धार्मिकता देखाउदा खेरी, परमेश्वरको न्याय देखाउदा खेरी हामी हाम्रो हृदय कठोर बनाउछौ । हामी सोच्छौ यस्तो न्याय हुदैन यसरी हामी जीवित परमेश्वर बाट बिस्तारै बिस्तारै टाढा हुन्छौ ।

[3] तर हरेक दिन एक-अर्काको उत्साह बढाउ। "आज" नै यो गर। एक अर्काको सहायता गर जसमा कि कोही पाप र यसको कपटपूर्ण तरिकाले कोही पनि कठोर नबनोस्।

पापले हाम्रो हृदयलाई नियन्त्रणमा पार्छ । शिमशोन दलैला संग खेलिरहेको थियो तर दलैला शिमशोन संग खेलिरहेकी थिईनन् उनी धेरै नै गम्भीर थिईन्। त्यसै कारणले पाप धेरै नै गम्भीर छ । हामी पाप लाई सजिलो तरीकाले लिन्छौ तर पाप त धेरै नै हामी संग गम्भीर हुन्छ । हामी होशिहार हुनु जरुरी छ पापलाई हामीले नियन्त्रणमा राखेनौ भने हामीलाई पापले नियन्त्रणमा राख्छ । परमेश्वर संग हामी अलग हुनुको कारण पाप हो । पबित्र आत्मा हाम्रो र परमेश्वरको सम्बन्ध टाढा हुनुको कारण देखाउन आउनु भएको हो । हाम्रो दिन दिनमा गरेको पाप पबित्र आत्मा हामीलाई देखाउनुहुन्छ । आजै सबै देखाउनुहुन्न आज मैले मेरो जीवनमा नदेखेको पाप भोलि देखाउनु हुन्छ । भोली त्यो पाप देख्दा खेरी हामी छक्कै पर्छौ ,हिजो यो पाप थियो तर थाहाँ थिएन र थाहाँ पनि हुदैन जब सम्म पबित्र आत्मा मलाई देखाउनु हुन्। आजको पाप हामीलाई देखाउदा आजको पाप स्वीकार गर्यौ भने भोलि बिस्तारै बिस्तारै गरेर देखाउनु हुन्छ । पबित्र आत्मा यस संसारमा किन आउनु भएको हाम्रो र परमेश्वरको सम्बन्ध येशु द्वारा जोड्नको लागी आउनु भएको हो । पबित्र आत्माको असलमा उदेस्य के हो? त्यो थाहाँ हुन जरुरी छ । होईन भने हामी पनि इजरायली जस्तै उजाड स्थानमा घुमेको घुमै हुन्छौ । येशुको जीवन हाम्रो जीवनमा हामी पाउदैनौ ।

यहुन्ना १६:१३-१५ [13] तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।

जब सत्यको आत्मा आउनुहुन्छ ,सत्यको उल्टा झुट हुन्छ । सत्यको आत्मा छ भने झुटको आत्मा पनि छ । दियावलस भनेको झुटको पिता हो । म पापमै जन्मेको भनेको म झुटमै जन्मेको हो । जब सत्यको आत्मा हाम्रो जीवनमा आउछ अनी सबै झुटको आत्मा हाम्रो शरीर बाट निकाल्नुहुन्छ । तब मात्र सत्यको आत्माले काम गर्नुहुन्छ जब हामी परमेश्वर संग सम्बन्ध राख्न चाहन्छौ ।मतलब जब हामी स्वयमले ईच्छा गर्छौ भने मात्र सत्यको आत्माले हाम्रो जीवनमा काम गर्नुहुन्छ ।

[14] सत्यको आत्माले मकहाँ महिमा ल्याउनु हुनेछ। कसरी? उसले मबाट कुराहरू पाउने छन् र तिमीहरूलाई ती सबैकुरा व्याख्या गर्नेछन्। सबै कुराहरू जो पितासंग छन् ती सबै मेरा हुन्।
[15] त्यसैकारणले म भन्दैछु त्यस आत्माले जे कुराहरू मबाट पाउने छन् र ती सबै तिमीहरूलाई घोषणा गर्नेछन.

आत्माले हामीलाई येशुको जीवन बाट देखाउनु हुन्छ । जब हामी आत्माको वचन सुनेर ,पश्चात्ताप गरेर, बिश्वास गरेर मान्दा खेरी हामीले येशुको जीवन पाउछौ । आत्मा आफै आफ्नो कुरा केहि पनि बोल्नुहुन्न बोल्नुभयो भने पनि हामीले बुज्दैनौ ,हामीले येशुलाई मात्र बुज्न सक्छौ । पिता,पुत्र, पवित्र आत्मा एउटै हुनुहुन्छ र पनि हामीले बुज्ने येशु लाई मात्र हो किनभने हामी जस्तो शरीर धारी येशु मात्र हुनुभएको कारणले येशुलाई मात्र आत्माले देखाउनुहुन्छ । अर्को तरफ बाट हेर्ने हो भने येशु दुल्हा हुनुहुन्छ हामी उहाँका दुलही त्यसैले दुलहीलाई दुल्हाको बारेमा मात्र भन्छन् । दुलहीको काम दुल्हाको लागी तयारी हुनुपर्छ । त्यसै गरी आत्माले यसरी भन्नुहुन्छ म तिमीहरुलाई येशु तिमीहरुको दुल्हा जस्तै बनाउनको लागी आएको हु । पबित्र आत्माको मुख्य काम नै हामीलाई येशु जस्तै बनाउनु हो

हिब्रु१२:३[12] त्यसकारण दाज्यु-भाइहरू र दिदी-बहिनीहरू, होशियार बस जसमा कि तिमीहरूमा कोही पापी नहोऊ, विश्वासलाई अस्वीकार नगरोस् र जीवित परमेश्वरलाई नछोडोस्।
[13] तर हरेक दिन एक-अर्काको उत्साह बढाउ। "आज" नै यो गर। एक अर्काको सहायता गर जसमा कि कोही पाप र यसको कपटपूर्ण तरिकाले कोही पनि कठोर नबनोस्।
[14] हामी सबै ख्रीष्टका सहभागी छौं हामीले शुरूमा पाएको विश्वास अन्त सम्म थामिरहयौं भने यो सत्य रहने छ।
[15] धर्मशास्त्रले भनेको छ"यदि आज तिमीहरूले परमेश्वरको आवाज सुन्दछौ भने, अतीतमा जस्तै हठधर्मी नबन, जतिबेला तिमीहरूले परमेश्वरको विरोधमा विद्रोह गरेका थियौ।"

रामी १०:१६ [16] तर सबै यहूदीहरूले त्यो सुसमाचार स्वीकार गरेनन्। यशैयाले भने, "परमप्रभु हाम्रो सन्देशलाई कसले विश्वास गरे?"

कसरी थाहाँ हुन्छ ? मैले परमेश्वरको सुसमचार सुने ,त्यसलाई स्वीकार गरे अनी बिश्वास गरे र त्यस सुसमाचारलाई पालन गरे । त्यहाँ बाट मात्र थाहा हुन्छ ,जसले पवित्र आत्माले बोलेको कुराको आज्ञा पालन गर्छ । पबित्र आत्माले भनेको कुरा सुन्यो ,बिश्वास

गर्यो त्यसपछि एउटा क्रिया छ । सुन्यो ,बिश्वास गर्यो क्रिया छैन भने बिश्वास छैन । इजरायलीहरुले उजाड स्थानमा बिद्रोह गरे। उनीहरु मोसाको बिरोधमा गएता पनि खास गरी उनीहरु पबित्र आत्माको बिरुद्धमा गएका थिए । परमेश्वरले भन्नुभयो तिमीलाई होईन यिनीहरुले तिरस्कार गरेको यिनीहरुले मलाई तिरस्कार गरेका हुन् ।सामुयलले राजा चुन्दा खेरी पनि परमेश्वरले त्यहि भन्नु भयो । तिमीलाई होईन तिरस्कार गरेको मलाई हो तिरस्कार गरेको । हाम्रो पनि यिनीहरुको जस्तै समस्या हो ।

हिब्रु ३:९[9] चालिस वर्षसम्म मरूभूमिमा मैले के के गरें त्यो तिम्रा पिता-पुर्खाहरूले देखे। तर तिनीहरूले मेरो धैर्यको परीक्षा लिए।

हाम्रा पिता पुर्खाहरुले परमेश्वरको कामहरु देखेर पनि परिक्षा गरे । पबित्र आत्माको आवाजलाई तिरस्कार गरे। हननिया र सफरिया पनि पत्रुसले त्यहि प्रस्न गरे ,किन?तिमीहरुले पबित्र आत्माले भनेको कुरालाई तिरस्कार गर्यौ ? पबित्र आत्मालाई परिक्षा गर्यौ । परिक्षा पिता संग होईन ,पुत्र संग पनि होईन खास गरी परिक्षा पबित्र आत्मा संग हो । पबित्र आत्मा एउटा ब्यक्ति हो पबित्र आत्मालाई सामर्थ को रुपमा मात्र देख्यौ भने हामी ब्यक्तिको रुपमा हेरेन भने बिरोध गर्न सक्छौ । हाम्रो म०डलिहरुमा पनि यहि समस्या हो ।हामी पबित्र आत्मालाई ब्यक्तिको रुपमा मान्दैनौ । सामर्थ र बरदानको रुपमा मात्र मान्छौ ।

हिब्रु ३:१० [10] त्यसैले म तिनीहरूसित रिसाएँ र मैले भनें 'तिनीहरूका विचार सँधै गल्ती छन् तिनीहरूले कहिल्यै मेरो बाटो बुझेनन्।

पबित्र आत्मा हामीलाई मार्ग देखाउनको लागि आउनु भयो । यिनीहरुले काम देखे तर मार्ग देखेनन् । त्यसैले तिनीहरुले बिश्राम नै पाएनन् ।

मत्ति ११:२८ [28] मकहाँ आऊ। 'जो थकित औ कष्टले दबिएकाहरू हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु।

येशुले यहाँ भन्दै हुनुहुन्छ पापलाई बोकेर ,बोकेर हिडेको मान्छे म कहाँ आउ म तिमीलाई बिश्राम दिन्छु । यो बिश्राम पापको बिश्राम हो । ब्यबस्थालाई जति पालन गरे पनि बोझ जादैन ,यो बोझ पाप हो ।

[29] मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक, म विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ।

आत्मामा बिश्राम पाउनको लागी हरदिन येशुको जुवा बोक्नु पर्छ । त्यो जुवा हामीले आत्मा संग जाड्नु पर्छ । दुईवटा गोरु दुईवटा दिसामा जान हुदैन । येशुको रगत माथि ,थुमाको रगत माथि विश्वास गरेको कारणले इजरायलीहरुलाई मिश्र देश देखी निकाल्नु भयो । तर पनि तिनीहरु पबित्र आत्मा को जुवा बोक्नको लागी तयार भएनन् । हामी पबित्र आत्माको जुवा बोक्न तयार हुनु पर्छ । हामी पबित्र आत्माले देखाएको बाटोमा चल्दाखेरी हामीले  बिश्राम पाउछौ।

हिब्रु ३:११ [11] त्यसैले म रिसाएँ र शपथ लिएँ कि 'तिनीहरूले कहिल्यै प्रवेश पाउने छैनन् र मसित विश्रान्ति पाउने छैनन्।"'

परमेश्वरले भनेकै जस्तै उनीहरुको जीवनमा रोगीहरु थिएनन्, खाना,कपडा सबै थियो ,शत्रुहरुको माथि पनि जिते । तर सबै भएर पनि पबित्र आत्माको आवाज उनीहरुले तिरस्कार गरेको कारणले ४० शाल परमेश्वरको बिश्राम भने उनीहरुको जीवनमा थिएन । यदि हामीलाई परमेश्वरको बिश्राम  चाहियो भने पापको स्वीकार गरेर येशुको धार्मिकतामा चल्दा खेरी आत्माको अगुवाईमा चल्नु पर्छ । पबित्र आत्मा हाम्रो गाईड हो । जब हामी कोहि जगामा घुम्न गयौ भने गाईडको पछि पछि जान्छौ । उसले जे जे देखाउछ र भन्छ त्यसको अनुसार हामीले बुज्छौ । त्यसरी नै पबित्र आत्मा हाम्रो गाईड हो हामीले पनि उसले जता, जता बाटो देखाउछ त्यता त्यता जानु पर्छ । पबित्र आत्मा कराउनुहुन्न हामीले आत्मामा सुन्नुपर्छ । त्यहि एलियालाई होरेब पर्वतमा सिकाएको अग्निमा छैन, भुकम्पमा छैन, हावामा छैन, परमेश्वरले कानेखुसीमा गर्नु भयो । परमेश्वरले एलियालाई भन्नुभयो तिमीलाई डरको आत्माले चलाउदैछ । पबित्र आत्माको आवाज तिमीले सुनेनौ । पबित्र आत्माको आवाज सुनेन भने एक न एकको आवाज त सुन्छ ।

यहुन्ना १६:१३ [13] तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।

पबित्र आत्माले सबै सत्यतामा डोराउनु हुन्छ । पबित्र आत्माले ब्यक्तिगत रुपमा सबैलाई अलग अलग गरेर डोराउनु हुन्छ । सबै सत्यमा हामीलाई डोराउनु हुन्न । यदि हामीले कुनै बिषयमा पि.एच.डी गर्नु छ भने त्यो बिषयको पनि सानो बिषयलाई लिएर पढ्दा ५ साल लाग्छ । त्यसैले सबै कुरा एकै ब्यक्तिलाई थाहाँ हन सक्दैन । त्यसैले सबै सत्यतामा भनेको ब्यक्तिको अनुसार उसलाई डोराउनु हुन्छ । परमेश्वरको सबै ब्यक्तिमा एउटै योजना हुदैन ब्यक्ति पिछै अलग अलग हुन्छ । एउटै परमेश्वरको बचन बाट १०० जनाले सुनेको छ भने १०० जना संग अलग अलग तरिकाले परमेश्वर बोल्नुहुन्छ । किनभने हर एक ब्यक्तिको सोच बिचार , बाधाहरु एउटै हुदैन अलग अलग हुन्छ । आत्माले हामीलाई जन्म दिएको मात्र होईन हामीलाई हर दिन डोराउनु हुन्छ । त्यति खेर हामीले सुन्नुपर्छ ।बचनमा भनेको छ बिश्वास सुनाई बाट आउछ । सुनाई कसको आवाज हो ? पबित्र आत्माको आवाज हो ।येशुले

भन्नुभयो म हु बाटो , म हु सत्य ।त्यो बाटोमा के छ? सत्य छ । त्यो सत्यको पछाडि गयो भने मात्र जीवन पाउछ । बिना पवित्र आत्मा र बिना सत्य हाम्रो जीबनमा बिश्राम हुदैन ।

यशैया ५७:२१[21] "दुष्ट मानिसहरूलाई त्यहाँ शान्ति छैन।"

दुष्टलाई शान्ति हुदैन ,किनभने उनीहरु पबित्र आत्माको मार्ग दर्शनमा हिड्दैनन् । पबित्र आत्मा भन्नुहुन्छ पश्चात्ताप गर ,येशुमा बिश्वास राख , धार्मिकतामा चल होईन भने बिश्राम पाउदैन । त्यसकारणले गर्दा बिश्रामको लागी पबित्रआत्माको अगुवाईमा चल्नुपर्छ । कोहि पबित्र आत्माको अगुवाईमा हिडेको छ कि छैन थाहा पाउनको लागी बिश्राम नै हो सबै भन्दा ठुलो प्रमाण । बिश्राम भनेको हाम्रो जीवनमा समस्या नआउनु होईन ।येशुको जीवन बाट परमेश्वरले समस्या निकाल्नु भएन ।समस्याको बिचमा पनि येशु तुफानमा पनि उहाँको जीबनमा बिश्राम भएको कारण येशु मज्जाले सुत्न सक्नुभयो। एउटा डुङ्गामा १३ जना छन् १२ जना उठेर काम गर्दै छन् तर एक जना येशु मात्र मज्जाले सुत्दै हुनुहुन्छ । त्यसैले येशुको बाटोमा बिश्राम छ ,उहाँको बाटोमा सत्य छ । हाम्रो जीवन बाट पनि समस्या परमेश्वरले निकाल्नु हुन्न तर यदि हामी त्यो येशुको बाटोमा र सत्यमा चल्यौ भने हामीमा पनि येशुको जस्तै हाम्रो प्राणमा बिश्राम दिनुहुन्छ।

प्रस्थान३३:१३-१४ [13] यदि मैले तपाईलाई साँच्चै खुशी पारेको भए मलाई तपाईका तरीकाहरू बताउनु होस्। म तपाईलाई जान्न चाहन्छु। तब म तपाईलाई नित्य प्रसन्न पारिराख्छु। स्मरण रहोस् यी सबै मानिसहरू तपाईका हुन्।"
[14] परमप्रभुले उत्तर दिनु भयो, "म आफैं तिमीसित जानेछु र तिम्रो अगुवाइ गर्नेछु।"

यदि परमेश्वरको निगाह उ संग छ भने उहाको मार्ग उसलाई देखाउनुहुन्छ । परमेश्वर कोहि संग खुसी भएको चिन्ह हो उहाँको मार्ग दर्शन । जब उसले तपाईको मार्ग देखाउनुस् भन्दा परमेश्वरले उसलाई १४ पदमा यसरी जवाफ दिनुहुन्छ । मेरो उपस्थिती त सगं जानेछ को मतलब परमेश्वर होईन मोशा संग चलेको, येशु होइन मोशा संग चलेको, पबित्र आत्मा हो मोशा संग चलेको। यस कारणले गर्दा परमेश्वरको उपस्थिती भनेको र म तिमी सित हुन्छु भनेको पबित्र आत्मा हो । र यसरी पबित्र आत्मा हामी सित मार्ग भएर हिड्दै जादा तब परमेश्वरको बिश्राम आउछ । यि दुई कुरा परमेश्वरको उपस्थिती र उहाँको बिश्राम रेलको पट्री जस्तै संगै संगै जान्छ । त्यसैकारणले गर्दा प्रभु भन्नुहुन्छ मेरो उपस्थिती तिमीहरु संग भयो भने म तिमीहरुलाई बिश्राम दिनेछु । धेरै जसो मान्छेहरुले बिश्रामको लागी पैसा खोज्छन् ।केहि पनि समस्या आयो भने पैसा छ भने ढुक्क भयो । परमेश्वर भन्नुहुन्छ तिमीहरुले पैसामा बिश्राम खोज्छौ । कोभिड आउदा ,अनीकाल आउदा पैसा त चल्दैन । ४० साल उजाड स्थानमा पैसा छैन, खानको लागि केहि रापेको छैन । र पनि उनीहरुले ४० साल खाए । उनीहरुको जीवनमा शरीरमा बिश्राम थियो तर उनीहरुको मन त मिश्र देशमा नै थियो त्यसकारणले गर्दा उनीहरुको प्राणमा बिश्राम थिएन । खानको लागी मन्न थियो, पिउनको लागी पानी,कपडा पुरानो हुदैन थियो, जुत्ता पनि कहिलै फाटेन ,यी सबै हुदा हुदै पनि पबित्र आत्माको आवाजलाइ उनीहरुले तिरस्कार गरेको कारणले गर्दा उनीहरुको प्राणमा बिश्राम थिएन । यहोशुको पुस्ता सकेर न्यायको पुस्तामा आईपुग्दा प्राणमा मात्र होईन सरीरमा पनि बिश्राम सकियो । किनभने मन्ना झर्न रोकियो । मोशाको मात्र प्राणमा, सरीरमा दुबैमा बिश्राम थियो । उत्पति देखि ब्यबस्था सम्म पढ्दा खेरि मोशाको मुख बाट मात्र आवाज आउदै छ । अन्तिममा मोशाले गाना पनि गाउछ । हारुणले गित लेखेन, मिरियमले तामरिन बजाईन् तर गित त मोशाको हो ।

भजनसग्रह१०३:७[7] परमेश्वरले आफ्ना मार्ग मोशालाई देखाउनु भयो। परमेश्वरले उहाँको शक्तिशाली कामहरू इस्राएल का मानिसहरूलाई देखाउनु भयो।

मार्ग मोशालाई मात्र देखाउनु भयो । इजरायलीहरुलाई देखाउनु भएन । किनभने पबित्र आत्मा र सत्य लाई इजरायलीहरुले तिरस्कार गरे तर मोशाले कहिले पनि पबित्र आत्मा र सत्यलाई तिरस्कार गरेनन् । एउटा म०डलिमा धेरै जना बसेको छ एउटै बचन सुन्दै छन् सबैजना ले परमेश्वरको सामर्थको काम देख्दैछन् तर जो पबित्र आत्मा को मार्गमा चल्छन् तिनीहरुलाई नै परमेश्वरले आफ्नो मार्ग देखाउनु हुन्छ । तिनीहरुले मात्र परमेश्वरको मार्ग सिक्छन् । त्यो मान्छेको आत्मामा मात्र परमेश्वरको बिश्राम हुन्छ । त्यो बिश्राम पाउनको लागी एउटै मात्र उपाए छ पबित्र आत्माको आवाज उहाँको सत्य लाई तिरस्कार गर्नु हुदैन । परमेश्वरको मार्ग थाहाँ नभएर पनि हामीले परमेश्वरकै सामर्थका कामलाई अनुभब गर्न सक्छौ ।

न्यायकर्ता १६:२०[20] तब दलीलाले तिनलाई भनिन्, "शिमशोन, पलिश्ती मानिसहरू तिमीलाई पक्रन आइरहेछन्।" तिनी ब्यूँझिए अनि सोचे, "मैले अघि गरे जस्तै म भाग्ने छु अनि स्वयंलाई मुक्त तुल्याउनेछु।" तर शिमशोनलाई थाहा भएन कि परमप्रभुले तिनलाई त्यागी सक्नु भएको थियो।

किन परमेश्वरले शिमशोनलाई त्यागे ?शिमशोनले परमेश्वरको शक्तिको माथि भरोसा राख्यो तर परमेश्वरको मार्ग उसले सिकेन,खोजेन । शिमशोनले भने म पहिला जसरी लडाई गर्दथे त्यसरीनै अहिलेपनि गर्छु । शिमशोनले परमेश्वरको शक्ति माथि मात्र भरोसा राखे । उहाँको मार्गलाई तिरस्कार गरे । उजाड स्थानमा ६ लाख इजरायलीहरु थिए , अन्तमा दुई जना यहोशु र कालेब मात्र

यर्दन नदि पार गरे, सबै जना उजाड स्थानमा मरे । तर मोशाको मृत्युको बारेमा मात्र अलग लेखेको छ । मोशाको मृत्युको अन्तिम सम्म पनि परमेश्वर मोशा संगै हुनुहुन्थ्यो । मोशाको मृत्यु पनि अलग थियो कारण मोशाले कहिले पनि परमेश्वरको मार्गलाई त्यागेनन् । सामुयल१६:१४ [14] परमप्रभुको आत्माले शाऊललाई त्यागि दियो। परमप्रभुले दुष्ट आत्मा शाऊल कहाँ पठाउँनु भयो। त्यसले शाऊललाई साह्रै सतायो।

परमेश्वरको आत्माले शाऊललाई त्याग्नुभयो । अब शाऊल संग परमेश्वरको बिश्राम छैन त्यसमाथि पनि दुष्ट आत्माले उ माथी काम गर्दैछ ।किनभने शाऊलले परमेश्वरको मार्गलाई खोजेनन् । नयाँ नियममा पबित्र आत्मा हामीलाई छोडेर जानुहुदैन तर उहाँ हामी संग बोल्नुहुन्न मतलब उहाँको आवाज बन्द हुन्छ । त्यसकारणले १ थेसलोनिकी ५:१९ मा लेखेको पबित्र आत्मालाई कहिलै ननिभाओ । पबित्र आत्मालाई निभाएको ख०डमा पबित्र आत्मा त छ तर त्यो ब्यक्ति संग बोल्नुहुन्न । दुई वटा ब्यक्तिलाई हामीमा दिएको छ ।

गन्ति १४:४०-४५ [40] बिहानै उठेर मानिसहरू पाहाडी इलाका तिर उक्लनु थाले। मानिसहरूले भने, “हामीले पाप गरेका छौं। परमप्रभुलाई हामीले अविश्वास गर्यौं, यसर्थ हामी पश्चताप गर्छौं र हामी परमप्रभुले दिन्छु भनी प्रतिज्ञा गर्नु भएको भूमिमा जानेछौं।”
[41] तर मोशाले भने, “परमप्रभुको आज्ञा किन पालन गरिरहेका छैनौ? तिमीहरू सफल हुँदैनौ।
[42] त्यसभूमिमा नजाऊ कारण परमप्रभु तिमीहरूको साथमा हुनुहुन्न र शत्रुहरूले साजिलै तिमीहरू माथि विजय प्राप्त गर्नेछन्।
[43] त्यहाँ अमालेकी र कनानी मानिसहरू तिमीहरूको विरोधमा लडनेछन्, तर तिमीहरूले परमप्रभुलाई छोडी दिएकोले उहाँ तिमीहरूले लडेको लडाँईमा साथ दिनुहुने छैन र तिमीहरू सबै मर्नेछौ।”
[44] तर मानिसहरूले मोशाको कुरामा विश्वास गरेनन् र तिनीहरू पहाडी इलाकातिर गए। तर मोशा र परमप्रभुको करारको सन्दूक ती मानिसहरूसित गएन। 45त्यो पहाडी इलाकामा बस्ने अमालेकी र कनानी मानिसहरू तलतिर उत्रे र ती इस्राएली मानिसहरूमाथि आइलागे। अमालेकी र कनानी मानिसहरूले इस्राएली मानिसहरूलाई सजिलै परास्त पारि तिनीहरू सबैलाई होर्मासम्म खेद्दै लगे। 45

परमेश्वरको आज्ञा पालन नगरेको भएर परमेश्वर तिमीहरुको बिचमा हुनुहुन्न। मोशाले भने । यसरी तिमीहरु प्रभुको आवाजलाई तिरस्कार गर्यौ भने पहिलाको जस्तो तिमीहरु जित्ने छैनौ । ४४ मा परमेश्वरको उपस्थितीको चिन्ह करारको सन्दुक र मोशा गएनन् । त्यसपछि ५मा उनीहरुले युद्ध हारे किनभने उनीहरुले पबित्र आत्मालाई तिरस्कार गरे । हामी पनि बिश्वासी यदि हामीलाई पनि पबित्र आत्माले डोराउनु भएन भने हामी पनि हार्छौ । म०डलिको रुपमा ,देशको रुपमा, ब्यक्तिगत रुपमा सबैमा पबित्र आत्माको आवाज सुनेन भने हार्छ । आत्माको अगुवाई छ भने हामी कसै संग पनि हार्नु पर्दैन । शत्रुहरु संग जित्नको लागी

एफिसी६:१७ [17] परमेश्वरको मुक्तिलाई आफ्नो शिर रक्षक बनाऊ अनि परमेश्वरको वचन समात जुन आत्माको तरवार हो।

अन्धकारको शक्तिको बिरोधमा पबित्र आत्माको तरवार लेओ । यदि पबित्र आत्माको शक्ति बिना हामी जे गरे पनि दुष्टहरु डराउदैनन् ।हामी परमेश्वरको जति बचन बोले पनि उनीहरु डराउदैनन् । उत्पति देखि प्रकास सम्म बोले पनि उनीहरुलाई फरक प्रदैन किनकी दुष्टहरुलाई हामी भन्दा बचन बढि थाहाँ छ । दुष्टहरु डर्नको लागी आत्मा आउनुपर्छ , आत्माको तरवार हुनुपर्छ । त्यसकारणले येशुले सुसमाचार बाड्नलाई शुरु गर्दा खेरी येशु भन्नुहुन्छ पबित्र आत्माले मलाई अभिशेक गर्यो, म परमेश्वर हु ,म बोल्छु भनेर भन्नु भएन । येशुको जीवनको शुरु देखी जीवनको अन्त सम्म येशु मृत्युबाट जीबित भएपछि पनि उहाँ पबित्र आत्मा द्वारा नै बोल्नुभयो ।कारण परमेश्वरको शक्ति पबित्र आत्मामा छ । दुष्टको शक्ति संग लड्नको लागी आत्माको शक्ति बिना सम्भब छैन । येशुले पबित्र आत्माको शक्ति द्वारा सबै अन्धकारको शक्ति माथि जित्नु भयो। पबित्र आत्माले भरिएको येशुलाई उजाडस्थानमा लगेर परिक्षा गर्दा पबित्र आत्माले येशुलाई परमेश्वरको बचनमा लिएर जानु भयो त्यसपछि येशुले यस्तो लेखिएको छ भनेर बचन बाट दुष्ट संग लडाई गर्नु भयो ।

२कोरिन्थी ३:६ [6] (परमेश्वरबाट उहाँका मानिसलाई दिइएको) नयाँ करारको सेवक बन्न परमेश्वरले हामीलाई योग बनाउनु भएको छ। योग्य बनाउनु भएको छ। यो नयाँ करार लिखित नियम होइन। यो आत्माको हो। लिखित करारले मृत्यु ल्याँउछ, तर पवित्र आत्माले जीवन दिन्छ।

पबित्र आत्मा एउटा ब्यक्ति माथि आयो भने दुष्ट आत्मालाई हराउन सक्छ । त्यहि ब्यक्तिले आत्मा रहित बोल्यो भने मान्छेलाई मार्छ । आत्मा रहित बोल्यो भने सुन्ने मान्छे मोरेरै जान्छ त्यसले जीवन लिएर आउन सक्दैन । येशु संग आत्मा भएको कारणले उहाँको सिक्षामा, सेवाकाईमा जीवन लिएर आउनुहुन्छ । आत्मा नभएको कारणले फरिसीहरुले मृत्यु लिएर आए । आत्मा बिना हामी सेवाकाई गर्न सक्दैनौ । आत्मा बिना हामी सेवा गर्छौ भने हाम्रो सेवा मृत्युको सेवा हुन्छ । परमेश्वरको बचन त छ तर त्यसको लागी हामीले पबित्र आत्माले के भन्नुहुन्छ सुन्नु पर्छ । येशु बिहानै बिहान उजाड स्थानमा गएर आत्मामा सुन्नुहुन्छ । बचन पढ्न र पालन गर्न त्यति गाह्रो छैन । सुन्नलाई आत्मा विना सक्दैन । आत्मामा सुन्नु बाहेक येशुले अर्कौ बाटो नै देखाएको छैन । हिब्रु११: मा लेखिएको छ यो शन्तहरुको बादलले घेरेको छ । म यस्तो गर्छु होईन आत्माले यस्तो गर भन्दा सुन्नु पर्छ अनी आज्ञा पालन गर्नु पर्छ । दाउदले आफ्नो जीवनमा परमेश्वरको पासमा गएर हरदिन सोध्छ , म के गरु? कुनै पनि युद्ध गर्न जादा दाउदले आत्मामा सुन्थ्यो ।

सुन्नलाई दाउदले सिकेका थिए । दुईवटा बाटो छ , एउटा जीवनको बाटो अर्को मृत्युको बाटो ,एउटा बाटोले स्वतन्त्रता देखी श्वतन्त्रता सम्म लिएर जान्छ ,अर्को बाटोले हामीलाई बन्धनमा लिएर जान्छ । त्यसकारणले नयाँ करार किन अलग भाको ? नयाँ करारलाई प्रेरितहरुको काम भन्छ तर बास्तबमा पबित्रआत्माको करार र उहाँको काम हो । पबित्र आत्मालाई निकाल्यो भने प्रेरितको किताब हुदैन ।

एफिसी १:१३,१४ [13] तिमीहरू पनि त्यस्तै हौ। तिमीहरूले आफ्नो मुक्तिको बारेमा साँचो शिक्षा-सुसमाचार सुनिहाल्यौ। सुसमाचार सुनेपछि तिमीहरूले ख्रीष्टमा विश्‍वास गर्यौ। अनि परमेश्‍वरले आफ्नो विशेष छाप तिमीहरूमा लगाउनु भयो र तिमीहरूलाई पवित्र आत्मा दिनुभयो जुन उहाँले प्रतिज्ञा गर्नुभएको थियो।[14] पवित्र आत्मा चाँहि परमेश्‍वरले आफ्ना मानिसहरूलाई प्रतिज्ञा गरेका कुराहरू पाउँछौ नै भन्ने एउटा जमानत हो । यसले परमेश्‍वरमा हुनेहरुलाई पूर्ण स्वतंत्रता दिनेछ। यी सबको उद्‌देश्य हो परमेश्‍वरको महिमाको प्रशंसा ल्याउनु।

प्रतिज्ञा गरेको कुराहरु पाउछ कि पाउदैन भन्ने ग्यारेन्टि पबित्रआत्माले हामीलाई दिनुहुन्छ । पबित्रआत्मालाई हाम्रो जीवनमा अगुवाई गर्न दियो भने र उहाँको आवाज सुन्यो भने हाम्रो जीवनमा प्रतिज्ञा गरेको कुराहरु प्राप्त गर्न सक्छौ । जब पबित्रआत्माले छोड्नु हुन्छ त्यति खेर पिता , पुत्र कोहि पनि बोल्दैनन् जसको कारण इजरायलीहरु मिश्र देश देखि प्रतिज्ञाको देश सम्म पुग्न सकेनन् । उद्धार त छ किनभने मिश्र देश देखी निक्ल्यो ,तर अगाडि बढ्न सकेनन् । उद्धार त पाउछ तर उत्तराधिकार त गुमाउछ । दुईवटा कुरा छ यहोशुको पुस्तकमा २४ अध्याय छ ,अन्तिममा सबै शत्रु देखि बिजय हुन्छ ,उनीहरुको जीवनमा सफलता आउछ,अनि अन्तिम अध्याय ,बिजयको अध्यायमा बिश्राम पाउछ  उनीहरुको जीवनमा दुई बार मात्र हारे पहिलो हार आई भन्ने सानो शहर संग इजरायल हार्‍यो । जेरिकोको माथि जित्नको लागी यहोशुले आत्मा संग कस्तो गर्नु पर्छ सोध्यो र जित्यो तर त्यसपछि यहोशुले सोधेनन् दुष्टको बिरोधमा आत्माको तरबार बिना पाप संग यहोशु गएको कारण उनी हारे । हामी एउटा गाना गाउने गर्छौ । न त बलले , न शक्तिले , तर प्रभु भन्छन् मेरो आत्माले । आत्मा आयो भने पाहाड हटेर जान्छ। फेरी जब गिदोनिहरुले भ्रममा पारेको कारण दोस्रो बार उनीहरुको हार भयो । यतिखेर पनि यहोशुले परमेश्वर संग केहि पनि सोधेनन्। अहिले मानिसहरु येशु आयो म संग चिया पियो यस्तो बोल्नुभयो उस्तो बोल्नुभयो , श्वर्गदुतलाई देखे , श्वर्गदुतले यस्तो भन्नु भयो ,भन्छन् । यिनीहरुको जीवनमा परमेश्वरको आत्मा काहाँ गयो ? येशु मशिहको जीवनमा पनि मात्र दुई चोटि श्वर्गदुत देखा पर्‍यो । एक चोटि उजाड स्थानमा ४० दिन उपवासको पछि श्वर्गदुत आएर तागत दियो त्यसपछि फेरी गेतसमनी को बगैचामा प्रर्थना गर्दा । येशुले त्यति खेर श्वर्गदुतको कुरा दर्शनको कुरा केहि भन्नुभएन आत्मा बोल्यो भने त श्वर्गदुतहरु चहिदैन ,सपना पनि चाहिदैन,दर्शन केहि कुरा पनि चाहिदैन । आत्मा भन्दा अरु केहि पनि ठुलो होईन । हामी दुई वटा कुरा देखि होसियार हुनुपर्छ एउटा पापको कुरा अर्को भ्रमको कुरा । यि दुबै कुरा देखि हामीलाई आत्माले मात्र बचाउन सक्छ । त्यसैले आत्मा के भन्छ हामीले सुन्नुपर्छ । श्वर्गदुतले भनेको सुन्नुस्, श्वप्न देख्नुस् , दर्शन देख्नुस् सबै राम्रो हो तर पनि आत्माले के भन्छ त्यो सबैभन्दा महत्वपुर्ण कुरा हो ।

१ थिसलोनिकी ५:[19] पवित्र आत्मालाई ननिभाओ

[20] भविष्यवाणीलाई महत्वहीन नठान।

[21] हरेक कुरालाई जाँच र असल जति राख।

आत्मालाई निभायो भने भविष्यवाणी बोल्दा खेरि ठिक हो या होईन आत्मा बिना हामी छुट्टाउन सक्दैनौ ।फिलिपीको केटिले भनी हे शर्व शक्तिमान परमेश्वरको सेवकहरु त्यतिखेरै पत्रुसले त्यस केटिलाई निक्लि भने उनले थाहाँ पाए यो दुष्ट आत्मा हो ।त्यो केटिले बोलेको कुरा त सत्य हो तर बोल्ने चाहि सत्य होईन यो कुरा पत्रुसले पबित्र आत्मा द्वारा थाहाँ पाए । सबै कुरा जाचँ गर भनेर भनेको छ । सबै कुरा परमेश्वरको बचनले मात्र जाचँ गर्न सकिदैन । सबै कुरा परमेश्वरको आत्माले मात्र सम्भब छ । सबै बाईबलको कुरा हामी हाम्रो दिमाखमा राख्न सक्दैनौ । तर बचनमा भन्दछ आत्माले तिमीहरुको सबै याद हरु तिमीहरुलाई दिईने छ । येशुलाई उजाड स्थानमा दियाबलसले परिक्षा पार्दा आत्माले उहाँलाई सहायता गर्नु भयो ।सबै दुष्ट आत्माबाट बच भनेर भनेको छ यि सबै कुराहरु बाट बच्नुको लागी पबित्र आत्मालाई निभ्न दिनु हुन्न ।फिलिपीको केटिले मुख बाट बोलेको कुरा सहि हो , पावल र सिलास पनि परमेश्वरको असल सेबक हो उनीहरुले बोलेको कुरा सहि हो त्यसलाई छुट्टाउन मात्र पबित्र आत्माले मात्र देखाउछ ।येशुले भन्नु भयो तिमीहरु कहिल्यै अनाथ हुने छैनौ । अनाथ भनेको उसको जीबनमा उसको बाबा छैन , बाबा नभएको कारणले उसको जीवनमा बिश्राम छैन अगुवाई छैन । उसको जीवनमा डरको आत्माले चलाउछ बाबा हुदा खेरी नानीहरुलाई डर नै हुदैन ।केहि पनि समस्या आउदा बाबाको काधँमा हुन्छ ।त्यसै गरी परमेश्वरले हाम्रो जीवनमा हाम्रो लागी पबित्र आत्मा दिनुभएको छ जसले हामीलाई हर समय अगुवाई गर्नुहुनेछ बस् हाम्रो काम आत्माको आवाजलाई सुन्ने र त्यसको अनुसार गर्ने ,आमेन ।

*प्रार्थना*

*प्रभु धन्यबाद ,धन्यबाद, धन्यबाद । तपाईको छोरा ,तपाईको पुत्र येशु मशिहको साथै तपाईको आत्माको लागी धन्यबाद । धन्यबाद प्रभु हाम्रो जीवनमा पबित्र आत्मा आउनुस् भन्नुपर्दैन हजुरले पबित्र आत्मा दिई सक्नुभएको छ । अबको उप्रान्त पबित्र आत्माको आवाजलाई सुनेर उहाँको आज्ञामा र उहाँको बिश्राममा चल्न सिकाउनुस् प्रभु । संसारमा त समस्या बढ्दै बढ्दै गएको छ तर हामी*

*बिश्वासीको जीवनमा आत्माको बिश्राम बढाउदै लैजानुस् प्रभु ।उजाड स्थानमा मोशाको जीवनमा समस्याहरु बढ्दै गए र पनि तपाईको उपस्थिती उ संग थियो। येशु जस्तै ,पावल जस्तै यहुन्ना जस्तै यो संसारमा चल्नको लागी हामीलाई सिकाउनुस्। पबित्र आत्माको जुवा बोकेर उहा संगै हिड्नलाई हामीलाई पबित्र आत्माको बिश्राम दिनुस् उहाँको सामर्थको आत्मा, ज्ञानको आत्मा, दिनुस् प्रभु सबै कुराको लागी धन्यबाद येशु प्रभुको नाममा आमेन*